राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ९९ २०८२ कात्तिक २३ गते आईतवार (9 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## मधेश प्रदेशसभाको मासिक ४० लाख रुपैयाँ जोगियो





दैनिक समाचारदाता
जनकपुरधाम २२ कात्तिक। संघीय सरकारद्वारा जारी गरिएको खर्च कटौती तथा मितव्ययिता सम्बन्धी परिपत्रपछि मधेश प्रदेशसभाको मासिक खर्चमा करिब ४० लाख रुपैयाँभन्दा बढी रकम जोगिने भएको छ।

संघीय अर्थ मन्त्रालयले असोज ७ गते जारी गरेको उक्त परिपत्रले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रदेश प्रमुख र मन्त्रीबाहेकका राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गरेपछि मधेश प्रदेशसभा सचिवालयमा मात्रै मासिक ४० लाख २९ हजार ७ सय ५८ रुपैयाँ बराबरको खर्च रोकिएको हो।

मधेश प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइरालाका अनुसार प्रदेशसभा ऐनअनुसार सदस्यहरूले स्वकीय सचिव पाउँदै आएका थिए। तर संघीय अर्थ मन्त्रालयको निर्देशनपछि भदौ महिनासम्मको तलब भुक्तानी गरेर हाललाई रोकिएको हो।

कोइरालाले प्रदेश सरकार स्वायत्त भएको भन्दै आगामी निर्णय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ले नै गर्ने जानकारी दिनुभयो। हाल मधेश प्रदेशमा नयाँ सरकार बने पनि मन्त्रिपरिषद् विस्तार हुन नसकेकाले निर्णयमा ढिलाइ भएको सचिवालयले जनाएको छ।

तलब रोकिएपछि प्रदेशसभाका स्वकीय सचिवहरूमा असन्तुष्टि बढेको छ। धेरैजसो प्रदेशसभा सदस्यहरूले आफ्ना छोरा, श्रीमती वा नजिकका आफन्तलाई स्वकीय सचिवका रूपमा नियुक्त गर्ने गरेका थिए। थोरै मात्र सदस्यहरूले आफ्नो निर्वाचन क्षेत्रका कार्यकर्तालाई सो पदमा नियुक्त गरेका थिए।

प्रदेशसभा ऐनअनुसार सभामुखका लागि १० जना, उपसभामुखका लागि ५ जना, दलका नेताहरूका लागि ४ जना, समितिका सभापतिका लागि ३ जना र साधारण सदस्यका लागि १ जना स्वकीय सचिव तोक्ने व्यवस्था छ।

तर संघीय परिपत्रले यी सबै पदाधिकारीका स्वकीय सचिवको सुविधा कटौती गरेपछि सचिवालयको कार्यसम्पादनमै असर परेको सचिवालय स्रोतको भनाइ छ। उपसभामुखका लागि माली र स्वीपर राख्ने प्रावधान समेत अब अनिश्चित बनेको बताइएको छ।

सचिव कोइरालाका अनुसार हालको अवस्था अस्थायी हो। मधेश प्रदेश मन्त्रिपरिषद्ले राजनीतिक सहमतिको आधारमा पुनः निर्णय गरेपछि स्वकीय सचिवहरूको तलब पुनः जारी हुन सक्ने सम्भावना खुला रहेको उहाँको भनाइ छ।

## मधेशको सत्ता समीकरण र सोनलको राजीनामा
## राजनीतिक अस्थिरताको नयाँ अध्याय



दैनिक समाचारदाता
जनकपुरधाम, २२ कात्तिक। मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत नपाएपछि पदबाट राजीनामा दिएसँगै प्रदेशमा फेरि एकपटक राजनीतिक अस्थिरताको बादल मडारिएको छ। शनिबार बोलाइएको प्रदेशसभा बैठकमा विश्वासको मतका लागि प्रस्तुत हुँदा सोनलले अन्ततः राजीनामाको घोषणा गरे। सत्ता गठबन्धनकै दल नेकपा (माओवादी केन्द्र) का दुई सांसदले विश्वासको मत नदिने निर्णय गरेपछि उनको सरकार ढलेको हो।

प्रदेशसभामा कुल १०७ सदस्य छन्, जसमा सरकारलाई बहुमतका लागि कम्तीमा ५४ मत आवश्यक थियो। तर सोनल पक्षमा ५२ मत मात्र पुग्ने देखिएपछि उनले पदबाट हट्ने निर्णय गरे। सत्ता गठबन्धनमा जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, माओवादी केन्द्र, र एकीकृत समाजवादी पार्टी सहभागी थिए। यी दलहरूको संयुक्त संख्या ५५ थियो, नागरिक उन्मुक्ति पार्टीको एक मत जोडिँदा संख्या ५६ पुग्थ्यो। तर माओवादीका सांसद रहबर अन्सारी र माला कर्णले विश्वासको मत नदिने घोषणा गरेपछि दुई मत घटे र सरकार अल्पमतमा पर्यो। त्यसैबीच जनमत पार्टीका निवर्तमान मुख्यमन्त्री सतिशकुमार सिंह र त्रिभुवन शाह अनुपस्थित रहे, जसले सत्ता पक्षलाई झनै कमजोर बनायो।

मुख्यमन्त्री सोनलको राजीनामा मधेश प्रदेशको राजनीतिक अस्थिरताको अर्को कडी हो। प्रदेशको गठनयता यहाँ स्थायित्वभन्दा पद र सत्ताको हिसाब(किताब बढी देखिँदै आएको छ। सत्ता गठबन्धनहरूको निर्माण र विघटन दलगत स्वार्थ, केन्द्रीय निर्देशन र व्यक्तिगत महत्वाकांक्षामा आधारित हुँदै आएको देखिन्छ। सोनल सरकारको पतन पनि त्यही परिपाटीको निरन्तरता हो।

यो घटनाले मधेश प्रदेशमा केन्द्रीय दलहरूको हस्तक्षेपबारे पुनः प्रश्न उठाएको छ। सांसदहरूको स्वतन्त्र निर्णय भन्दा पनि केन्द्रका नेताहरूको आदेशमा सरकार बनाउने र भत्काउने परिपाटीले संघीयताको मर्म नै कमजोर बनाएको छ। रहबर अन्सारीले संसदभित्र मुख्यमन्त्रीविरुद्ध खुलेर बोल्दै "यहाँ सांसदले होइन, केन्द्रका आदेशले सरकार बनाइन्छ" भनेर दिएको टिप्पणीले यही वास्तविकतालाई उजागर गर्‍यो।

अन्सारीले सभामुखले आफ्नो माइक बन्द गरेपछि संसदभित्रै आफैंमाथि मोसो दल्ने कदम चाले, जुन केवल व्यक्तिगत प्रतिक्रिया होइन, दलगत राजनीति र सांसदहरूको नैतिक धरातल माथिको आपत्ति पनि हो। उनको कदमले मधेश प्रदेशको लोकतान्त्रिक अभ्यास, पार्टी अनुशासन र राजनीतिक मर्यादाबारे गम्भीर बहस उत्पन्न गरेको छ।

*बाँकी अन्तिम पृष्ठमा*

## स्वदेशी वस्तुको प्रयोग गरौं ।


सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै वस्तु वा सेवा खरिद गर्दा स्वदेशी वस्तु तथा सेवा खरिद गर्नुपर्ने,
- त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मूल्य प्रकाशन गर्नुपर्ने,
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भएसम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने,
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने व्यवस्था छ।

*स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ।*
*उक्त व्यवस्थाको पालना गरौं र गराऔं!*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com


वरिष्ठ चिकित्सकहरु





दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# आकाशे पुल–मधेशको सुरक्षित र आधुनिक सहरतर्फको उडान

जनकपुर-ढल्केवर ६ लेन व्यापारिक राजमार्गमा तीन आकाशे पुल निर्माणको सुरुवात, मधेश प्रदेशको शहरी रूपान्तरणको दिशामा एउटा सकारात्मक संकेत हो। यो केवल केही मिटरको कङ्क्रिट संरचना होइन, प्रदेशको राजधानी जनकपुरधामलाई सुरक्षित, व्यवस्थित र आधुनिक सहरमा रूपान्तरण गर्ने सरकारी संकल्पको मूर्त प्रतीक हो।

मधेश प्रदेशमा सहरिकरण तीव्र गतिमा भइरहेको छ। जनकपुरधामको जनघनत्व, व्यापारिक चहलपहल र प्रदेशीय प्रशासनिक केन्द्रको रूपमा बढ्दो दवाबका बीच सुरक्षित आवागमन र शहरी व्यवस्थापन अनिवार्य बनेको छ। सडक काट्ने क्रममा हुने दुर्घटनाहरूले वर्षौंयता स्थानीय जनजीवनमा त्रास फैलाएको थियो। क्षिरेश्वरनाथ र लक्ष्मीनियाका चोकहरूमा बिहान-साँझ विद्यालय जाने विद्यार्थीदेखि हाटबजारतिर दौडिने आमनागरिकसम्मले ज्यानको जोखिमा सडक पार गर्नुपर्थ्यो। यस्तो अवस्थामा करिब साढे १० करोड रुपैयाँको लागतमा सुरु भएको आकाशे पुल निर्माण कार्य, जनकपुरधामको यातायात व्यवस्थामा क्रान्तिकारी परिवर्तनको संकेत हो।

यी पुलहरू भौतिक संरचना मात्र होइनन्–प्रदेश सरकारको 'सुरक्षित सहर, समुन्नत प्रदेश' दृष्टिकोणको मूर्त रुप हुन्। पैदल यात्रु-मैत्री डिजाइन, आधुनिक मापदण्ड र निश्चित समयसीमाभित्र निर्माणको लक्ष्यले प्रदेशको प्रशासनिक क्षमता र योजनागत तत्परता पनि प्रष्ट पार्छ। साइट इञ्जिनियर उज्जवल झाका अनुसार यी पुलहरू ५.६ मिटर उचाइ, २९.४ मिटर लम्बाइ र ३ मिटर चौडाइका हुनेछन्, जुन प्रदेशस्तरमै पहिलो नमुना परियोजना बन्न सक्छ।

आर्थिक हिसाबले पनि यसको प्रभाव उल्लेखनीय हुनेछ। सुरक्षित सडकले दुर्घटनाबाट हुने जनधनको क्षति घटाउनेछ, आवागमन सहज बनाउनेछ, र बजारमा उपभोक्ताको पहुँच बढाउनेछ। यसले स्थानीय व्यवसाय, विद्यालय, अस्पताल र प्रशासनिक निकायहरूको कार्यक्षमता समेत बढाउने अपेक्षा गरिएको छ। पर्यटकहरूको लागि पनि यसले जनकपुरधामलाई अधिक आकर्षक र सुरक्षित बनाउनेछ, जसले प्रदेशको आन्तरिक पर्यटन र लगानी वातावरणलाई नयाँ ऊर्जा दिनेछ।

यस्ता योजनाहरूले मधेश प्रदेशको विकास-दृष्टिकोणमा एउटा नयाँ अध्याय थप्छन्। विगतमा भौतिक पूर्वाधार योजनाहरूमा ढिलासुस्ती, पारदर्शिताको अभाव र दीर्घकालीन दृष्टिकोणको कमीले आलोचना हुँदै आएको थियो। तर पछिल्लो समय जनकपुरधामलगायतका प्रमुख शहरहरूमा सडक विस्तार, ड्रेनेज सुधार, विद्युतीय पोल र फुटपाथ व्यवस्थापन जस्ता योजनाहरूले प्रदेश सरकारको सक्रियता देखाएका छन्। यी आकाशे पुलहरू त्यसै श्रृंखलाको अर्को सशक्त कडी हुन्। तर, केवल संरचना निर्माणमै सीमित रहनु पर्याप्त हुने छैन। यी पुलहरू सञ्चालनमा आएपछि तिनको मर्मत, प्रकाश व्यवस्थापन, सुरक्षा निगरानी र पैदल प्रयोगलाई प्रोत्साहन गर्ने जिम्मेवारी पनि प्रदेश र स्थानीय तहको हुनेछ। कतिपय ठाउँमा देखिएझैं आकाशे पुल बनेर पनि प्रयोग नहुने अवस्थालाई टार्न योजनाको सामाजिक स्वामित्व सुनिश्चित गर्नुपर्छ। विद्यालय, महिला समूह र स्थानीय निकायबीच सहकार्य गरी जनचेतना कार्यक्रम सञ्चालन गरिनु आवश्यक छ।

जनकपुरधामलाई 'स्मार्ट सिटी' बनाउने लक्ष्य केवल प्रविधि वा भवन निर्माणमा सीमित छैन–सुरक्षा, सुशासन र नागरिकमैत्री वातावरण त्यसको मेरुदण्ड हो। यी आकाशे पुलहरू त्यही लक्ष्यतर्फको पहिलो ठोस पाइला हुन्। सडकमा हिड्ने बालबालिका, वृद्ध, महिला र सर्वसाधारणका लागि सुरक्षित आवागमनको सुनिश्चितता भनेको सभ्य समाजको पहिलो शर्त हो।

अन्ततः, जनकपुर-ढल्केवर सडकका यी आकाशे पुलहरूले केवल सहरका दुई किनार जोड्ने काम गर्ने छैनन्; तिनले मधेश प्रदेशको विकासको दृष्टि, सुशासन र सुरक्षित भविष्यका सपनाहरू पनि जोड्नेछन्। अब आवश्यक छ–यस सकारात्मक पहललाई निरन्तरता दिने राजनीतिक इच्छाशक्ति र नागरिक निगरानी, जसले मधेशलाई साँच्चै 'सुरक्षित र आधुनिक प्रदेश'को रूपमा स्थापित गर्न सघाओस्।

# कांग्रेसमा नीति, नेतृत्व र नियत

*भुवन न्यौपाने*

नेपालको हरेक आन्दोलन र परिवर्तनको संवाहक र साक्षी नेपाली कांग्रेस हो । तर, यस पटकको जेनजी विद्रोहको कारणमध्ये एक घटक सत्ताधारी नेपाली कांग्रेस पनि हो । सम्भावित तर अकल्पनीय विद्रोहपछि समीक्षामा उत्रिएका छन् कांग्रेसजन । पार्टी सभापति शेरबहादुर देउवा दम्पतीमाथि सांघातिक आक्रमण, पार्टीको केन्द्रीय कार्यालयदेखि दर्जनौं कार्यालयमा आगजनी, दर्जनौं नेताका निवासमा आगजनीको अपूरणीय क्षतिको आलो घाउ सेलाउन पाएको छैन । कांग्रेसमा चर्काचर्की शुरु भइसकेको छ ।

कांग्रेसमा नीति, नेतृत्व र नियतका सन्दर्भलाई लिएर केन्द्रीय समितिमा तात्तातो बहस शुरु भएको छ । मुख्यगरी जेनजी विद्रोहको कारण, सरकारका निर्णय र कार्यसम्पादन, सत्ताको मैमत्त, शासकीय दुस्वप्न, शान्तिपूर्ण आन्दोलनको दमन र बर्बरतापूर्वक हत्या, सरकार र सुरक्षा संयन्त्रको भूमिका, सरकारी, सार्वजनिक, व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्ति माथिको आगजनी, राज्यको निरीहता, राष्ट्रपतिको भूमिका, संवैधानिक शून्यता, अन्तरिम सरकार गठन, प्रतिनिधिसभाको विघटन र निर्वाचनको घोषणा जस्ता विषय चर्चामा छन् ।




नेपाली कांग्रेस रूपान्तरणको अनुष्ठान महाधिवेशनको सम्मुखमा छ । केन्द्रीय समितिको कार्यकाल सकिनै लागेको छ । जेनजी विद्रोहपछि विकसित दबाबबाट सभापति शेरबहादुर देउवाले कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई दिएका छन् । बदलिंदो परिस्थितिलाई आकलन गरी ५४ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर सहित विशेष महाधिवेशन माग गरेका छन् । नेपालको ठूलो लोकतान्त्रिक शक्तिको दावा गर्ने नेपाली कांग्रेस आफ्नै पार्टीको नीति, नेतृत्व फेर्न पनि विभिन्न बहानाका नियतहरू देखाउनु लज्जास्पद विषय हो ।

एकातिर, नियमित महाधिवेशनको समय पनि सम्मुखमा छ । अर्कातर्फ, विशेष महाधिवेशनको माग बढेको छ । भुईं तहका कार्यकर्ता र आममानिसको अपेक्षा चुनाव अगाडि नै कांग्रेसले समयानुकूल नीति र नेतृत्व फेरेर मात्र मत माग्न जनतासमक्ष आउनुपर्ने स्पष्ट संकेत गरेका छन् । तर, संस्थापन पक्ष चुनाव अगावै महाधिवेशन गर्ने पक्षमा देखिंदैन । यसको अर्थ कांग्रेसमा शक्ति संघर्ष शुरु भएको छ । महामन्त्रीद्वयद्वारा नियमित महाधिवेशनको कार्यतालिका ल्याउने नियमित नभए विशेष महाधिवेशन गरेर भए पनि कांग्रेसलाई रूपान्तरण गर्नुपर्ने एजेण्डा प्रस्तुत गर्ने तयारी छ ।

नेपाली कांग्रेस केवल एउटा राजनीतिक दल मात्र होइन, नेपालको लोकतान्त्रिक चेतनाको ऐतिहासिक संस्थापक मियो पनि हो । नेपाली कांग्रेस देशको विभिन्न इतिहाससँग गाँसिएको पार्टी हो । लोकतन्त्रको बीउ रोप्ने, स्वतन्त्रता र संवैधानिक मूल्य एवं मान्यताको पहिचान बोकेको पार्टी हो । कांग्रेसको नेतृत्वले देशमा लोकतन्त्र ल्यायो । नागरिक स्वतन्त्रताको जग बसायो । शान्ति प्रक्रिया टुंग्याएर संघीय गणतन्त्र स्थापना गऱ्यो । संवैधानिक शासन प्रणालीको बाटो देखायो ।

तर, इतिहासले दिएको गौरव सधैं स्थायी हुँदैन । त्यो निरन्तर आत्ममूल्यांकन, रूपान्तरण र परिवर्तनको क्षमतामाथि निर्भर गर्छ । जेनजी आन्दोलनपश्चात् आज कांग्रेसले आत्ममूल्यांकन गर्नुपर्ने समय आएको छ । किनभने कांग्रेस केवल अतीतको गौरव होइन, वर्तमानको जवाफदेही शक्ति पनि हो । त्यसका लागि कांग्रेसमा सर्वाधिक चर्चाका विषय नीति, नेतृत्व र नियतको पुनर्विचार अत्यावश्यक छ ।

### *नीतिगत आदर्श र अभ्यास*

लोकतान्त्रिक समाजवाद, जनताको स्वतन्त्रता, समावेशी विकास र सुशासन जस्ता कांग्रेसका सैद्धान्तिक नीति हुन् । तर, व्यवहारमा ती सिद्धान्तहरू कमजोर छन् । प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । कांग्रेसको विचारधारात्मक मेरुदण्ड 'लोकतान्त्रिक समाजवाद' हो जुन बीपी कोइरालाले प्रतिपादन गरेका थिए । यसले समाजवादी न्याय र व्यक्तिगत स्वतन्त्रता बीच सन्तुलन खोज्छ । यो सिद्धान्त भन्छ- विकासको केन्द्र राज्य होइन, व्यक्ति र समुदाय हुन् । राज्यको भूमिका सहायक, संयोजक र न्यायिक हुनुपर्छ । तर, प्रश्न उठ्छ के आजको कांग्रेसले यो विचार व्यवहारमा उतारेको छ ?

बीपी कोइरालाले पूँजीवाद र समाजवाद दुवैको सकारात्मक पक्षलाई आत्मसात् गरेर नेपाली समाजको ऐतिहासिक, सांस्कृतिक र भौगोलिक यथार्थसँग मेल खाने विशेष समाजवादी विचार प्रस्तुत गरे । मूलतः व्यक्तिगत स्वतन्त्रता, सामाजिक न्याय, समान अवसर नै यसको आधार हो ।

बहुदलीय व्यवस्था, स्वतन्त्र प्रेस, मानवअधिकारलाई समाजवादको मेरुदण्ड मानिन्छ । सामाजिक समानता वर्गीय शोषण र असमानता अन्त्य गर्दै शिक्षा, स्वास्थ्य, रोजगार सबैलाई समान अवसर दिनुपर्नेमा जोड दिए । सामाजिक-आर्थिक न्याय, गरिबी निवारण, भूमिसुधार, श्रमिक-किसानको अधिकार सुनिश्चित गर्नुपर्ने धारणा राखे । तर, विभिन्न प्रभावका कारण कांग्रेसले नेपालको माटो सुहाउँदो मौलिक नीतिलाई अंगीकार गर्न सकिरहेको छैन।

कांग्रेसले विभिन्न कालखण्डमा परिवर्तनको नेतृत्व गरे पनि नीतिनिर्माण र संस्थागत विकासमा चुकेको छ । आन्तरिक र बाह्य शक्तिको प्रभावमा बरालिंदा मुलुक मियो विनाको गन्तव्यतिर होमिएको यथार्थ हो । कांग्रेस मुख्य जिम्मेवारीबाट बरालिंदा विभिन्न समस्याको बीजारोपण भएको उदाहरणहरू पनि सत्य हो ।

नेपालमा लोकतन्त्र त आएको छ तर; समानता, पारदर्शिता र न्याय अझै अधुरो छ । बीपीको 'गरीबमुखी आर्थिक नीति, शिक्षा-स्वास्थ्यमा पहुँच, भ्रष्टाचार विरुद्ध सशक्त लोकतन्त्र' आज पनि उत्तिकै उपयोगी देखिन्छ । अहिले दलहरू नाममात्रका समाजवादी देखिन्छन् तर बीपीको आदर्श अझै पूरा भएको छैन । बीपीको आदर्शमुखी नीति न त कांग्रेसले अंगीकार गर्न सकेको छ न मुलुकमा अन्य दलले अभ्यास गरेका छन् ।

गणतन्त्रको घोषणा र संस्थागत विकास, शान्ति प्रक्रिया र समानताको वकालत, संविधान निर्माण र कार्यान्वयन, सुशासन र समुन्नति जस्ता नीतिगत व्यवस्थामा मात्र होइन खास कार्यान्वयनमा कांग्रेसको भूमिका कस्तो रह्यो भन्ने कुरा महत्वपूर्ण हुन्छ । गणतन्त्रपछि कांग्रेस सरकारको नेतृत्व र सत्ता सहकार्यको विभिन्न भूमिकामा छ । सरकार सञ्चालन, संसदीय भूमिका कस्तो रह्यो भन्ने विषयमा मिहिन छलफल र सुधारको बाटो पहिल्याउन अझै सकेन ।

सत्ता सहकार्य र गठबन्धनको संस्कृतिले कांग्रेसलाई कहाँ पुऱ्यायो, लोकतान्त्रिक मूल्यमान्यतालाई कस्तो प्रभाव पारेको छ भन्ने विषयको समीक्षा गर्न कांग्रेसजन तयार हुँदैनन् । समसामयिक र ज्वलन्त विषयमा जनताले कसरी बुझिरहेका छन् भन्ने दोहोरो संवाद गर्न कांग्रेसजनहरू जाँगर चलाउँदैनन् । पार्टीमा हितकारी नीतिहरूको गहन समीक्षा भन्दा पनि स्वार्थकेन्द्रित गतिविधि हावी देखिन्छ ।कांग्रेस मुलुकको लोकतान्त्रिक पार्टी, ऐतिहासिक पृष्ठभूमि र ठूलो पार्टी भएको जिम्मेवारीले पार्टीको रूपान्तरण मात्र होइन कि देशको रूपान्तरणको मियो बन्नुपर्ने विषम परिस्थितिमा उभिएको छ । आम मानिसमा मुलुकमा भ्रष्टाचारको नियन्त्रण र सुशासन, सन्तुलित विकासको जनअपेक्षा चुलिएको छ । कांग्रेसको अति उदारवादी र सत्ता केन्द्रित सोचका कारण जनतामा सबै दल एउटै हुन् भन्ने भ्रम सिर्जना भएका छन् ।

सामाजिक सञ्जालको प्रभाव, कम्युनिस्टहरूसँगको प्रतिस्पर्धा, लोकप्रियतावादीहरूको लहर भूराजनीतिक चलखेलबाट राजनीतिक मूल्य-मान्यताको संरक्षण गर्न कांग्रेस जिम्मेवार हुनुपर्ने विषम घडी आएको छ । मानिसहरू गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग र उद्यमशीलता, कृषिमा विकास, विज्ञान प्रविधिको विकास, जलवायु परिवर्तन सम्बन्धी नीति, अर्थ नीति, विदेश नीति जस्ता गहन विषयमा राजनीतिक कौशलता खोजिरहेका छन् ।

सुशासन र भ्रष्टाचार विरुद्ध भाषणले मात्र हुँदैन । कांग्रेसले अब विचारलाई व्यवहारमा उतार्ने पार्टी बन्नुपर्ने बेला आएको छ । नीति किताबमा मात्र होइन, जनजीवनमा देखिनुपर्छ । हाल कांग्रेसको नीतिहरू घोषणापत्र र भाषणमा राम्रा सुनिन्छन् । नीतिगत सुधार कम छ । कार्यान्वयनमा नदेखिने परम्परा गहिरिँदै गएको छ । तर, कांग्रेसको नीतिले जनजीवनमा प्रभाव पार्न सकेन भने जनता विकल्प खोज्न बाध्य हुन्छन् । त्यसैले नीति अब केवल विचार होइन, कार्यान्वयनको नक्शा हुनुपर्छ । परिष्कृत नीति मार्फत नतिजा देखिनुपर्छ । अहिले कांग्रेस आफ्नै विधानको व्यवस्थालाई कुल्चिएर नियमित महाधिवेशन गर्न चाहँदैन । ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर मार्फत विशेष महाधिवेशन माग गरिरहेका बेला कार्यवाहक सभापति चलाइरहेका संस्थापन पक्षले गुटको भेला राखेर चुनाव पछाडि मात्र महाधिवेशन गर्ने निर्णय गर्छन् । कांग्रेसको ठालुवादले भुईं तहका कार्यकर्ताको आवाज सुन्न किन चाहँदैन भन्ने विषय लोकतन्त्रका लागि नै गम्भीर हो ।

आन्तरिक लोकतन्त्र केका लागि हो ? चुनाव किन गर्नु परेको हो ? समाजका

*बाँकी पृष्ठ ३मा*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# जाडोमा छालाको सुक्खापन र फुट्ने समस्याबाट कसरी बच्ने ?



*एजेन्सी*

*जाडोमा* अधिकांश मानिसहरूलाई छालासम्बन्धी समस्याहरू हुने गर्छन्। कहिले सुक्खापन हुन्छ त कहिले छाला फुट्छ। चिसो र सुक्खा हावामा मोइस्चर (नमी)को मात्रा कम हुने हुँदा छालाको प्राकृतिक नमी छिट्टै सुक्छ।

यस मौसममा छालाको प्राकृतिक तेल उत्पादन पनि घट्छ, जसले गर्दा छालाको सुरक्षात्मक तह कमजोर हुन जान्छ। विशेषगरी हात, खुट्टा र ओठ जस्ता भागहरू सबैभन्दा पहिले प्रभावित हुन्छन्, किनकि यी भागहरू लगातार चिसो हावाको सम्पर्कमा रहन्छन्।

तर, थोरै सावधानी र सही स्किन केयर रुटिन अपनाएमा यो समस्याबाट सजिलै जोगिन सकिन्छ। मनतातो पानीले नुहाउने, मोइस्चराइजर लगाउने, पर्याप्त मात्रामा हाइड्रेटेड रहने र पौष्टिक भोजन गर्ने बानीले छालालाई चिसो हावाको असरबाट बचाउन सकिन्छ र यसलाई नरम तथा स्वस्थ बनाइराख्न सकिन्छ।

यहाँ जाडोमा हुने छाला सम्बन्धी समस्या, यसका कारण र रोकथामका उपायबारे विस्तृत जानकारी दिइएको छः

***मौसम र छालामा यसको असर***

*हाम्रो छालाले मौसम परिवर्तन अनुसारको वातावरणमा तुरुन्त प्रतिक्रिया दिन्छः*



- गर्मी र ओसिलो मौसमः शरीरबाट पसिना र तेल दुवै बढी निस्कन्छन्। यसले छालामा तेल र ब्याक्टेरिया जम्मा भई डन्डीफोर (पिम्पल्स), फङ्गल इन्फेक्सन वा 'हिट र्‍यासेज' जस्ता समस्याहरू बढाउँछ।
- जाडो र सुक्खा मौसमः हावामा नमी कम हुन्छ, जसले छालाको माथिल्लो तहको मोइस्चर छिट्टै सुकाइदिन्छ। यसले छाला सुक्खा, खस्रो भई फाट्न थाल्छ। घरमा हिटर चलाउँदा वा धेरै तातो पानीले नुहाउँदा यो सुक्खापन झन् बढ्छ।

***जाडोमा छाला बढी सुक्खा हुनुका मुख्य कारणहरू***

*जाडोमा छाला अत्यधिक सुक्खा हुने मुख्य कारणहरू निम्न छनः*

- हावामा कम नमीः चिसो हावामा नमी कम हुने हुँदा छालाको प्राकृतिक मोइस्चर छिट्टै वाष्पीकरण हुन्छ।
- तातो हावाको प्रयोगः बाहिरको चिसो हावा र भित्र हीटरको तातो हावा दुवैले छालाको नमीलाई सोस्ने काम गर्छन्।
- कम तेल उत्पादनः जाडोमा छालाको प्राकृतिक तेल उत्पादन क्षमता घट्छ, जसले सुरक्षात्मक तह कमजोर बनाउँछ।
- पानी कम पिउनुः जाडोमा तिर्खा कम लाग्ने भएकाले पर्याप्त पानी नपिउँदा आन्तरिक हाइड्रेशन कम हुन्छ।

***हात र खुट्टा किन पहिले फुट्छन्?***

हात र खुट्टाको छाला अन्य भागको तुलनामा बाक्लो भए पनि यी भागहरूमा तेल उत्पादन गर्ने ग्रन्थिहरू एकदमै कम हुन्छन्।

यी भागहरू चिसो हावा, पानी, साबुन र धुलोको प्रत्यक्ष सम्पर्कमा लगातार रहने भएकाले छिट्टै ड्यामेज हुन्छन्। यी भागमा रक्तसञ्चार पनि तुलनात्मक रूपमा सुस्त हुने हुँदा छालाले आफूलाई मर्मत गर्न ढिलो गर्छ।


***छालाको प्रकार अनुसार हेरचाह***

*छाला कति फुट्छ भन्ने कुरा छालाको प्रकारमा निर्भर गर्छः*

- सुक्खा छालाः यिनीहरूको छालामा तेलको मात्रा प्राकृतिक रूपमा कम हुने हुँदा ड्राइनेस र फाट्ने समस्या बढी हुन्छ।
- तैलीय छालाः यिनीहरूको प्राकृतिक तेलले सुरक्षा तह बनाएर छालालाई लामो समयसम्म मोइस्चराइज्ड राख्छ।
- संवेदनशील छालाः यस्ता छाला भएकाहरूलाई चिसो, कडा साबुन वा हावाको कारण चाँडै र्‍यासेज वा क्र्याकिङ्ग हुने सम्भावना हुन्छ।

***तातो पानीले नुहाउनु घातक***

यो शतप्रतिशत सत्य हो। नुहाउनका लागि धेरै तातो पानी प्रयोग गर्दा छालाको प्राकृतिक तेलको तह हट्छ। यसले छालाको सुरक्षात्मक अवरोधलाई कमजोर बनाउँछ र नमी छिट्टै हराउँछ, जसले गर्दा



ड्राइनेस र चिरिने समस्या बढ्छ।

***सुक्खापनबाट बच्नका लागि गर्नुपर्ने मुख्य कामहरू***

- मनतातो पानीको प्रयोगः धेरै तातो वा धेरै चिसो होइन, मनतातो पानीले नुहाउनुहोस्।
- नुहाउनासाथ मोइस्चराइजरः शरीर पुछेको तुरुन्तै बाक्लो मोइस्चराइजर लगाउनुहोस्। यसले पानीको अंशलाई छालामा बन्द गरेर राख्छ।
- हाइड्रेटेड रहनुहोसः जाडोमा तिर्खा कम लागे पनि प्रशस्त पानी पिउने बानी बसाल्नुहोस्।
- ह्युमिडिफायरको प्रयोगः घरभित्रको हावामा नमी कायम राख्न ह्युमिडिफायर प्रयोग गर्न सकिन्छ।
- साबुनमा ध्यान दिनुहोसः नुहाउनका लागि धेरै कडा वा कास्टिकयुक्त साबुनको प्रयोग नगर्नुहोस्।

***आहार र छालाको स्वास्थ्य***

छालाको स्वास्थ्यमा खानपानको प्रत्यक्ष असर पर्छः

- ***ओमेगा-३ फ्याटी एसिडः*** माछा, ओखर आदिले छालामा तेलको सन्तुलन कायम राख्छन्।
- ***भिटामिन ईः*** बदाम, मूंगफली र सूर्यमुखीको बीउमा पाइने भिटामिन ईले छालालाई फ्री रेडिकल ड्यामेजबाट बचाउँछ।
- ***भिटामिन एः*** गाजर र पालुङ्गो जस्ता खानेकुराले छालाका कोषहरूलाई मर्मत गर्न मद्दत गर्छन्।
- प्रशोधित र असन्तुलित खानाले छालाको चमक घटाउँछ र ड्राइनेस बढाउँछ।

***ह्यान्डवाश र स्यानिटाइजरको सही प्रयोग***

बारम्बार ह्यान्डवाश गर्दा वा अल्कोहल-बेस्ड स्यानिटाइजर प्रयोग गर्दा छालाको प्राकृतिक तेल र माइक्रोबायोम नष्ट हुन्छन्। यसले छालाको सुरक्षात्मक तह कमजोर भई रुखापन, चिलाहट र साना चिराहरू देखिन थाल्छन्।

सुझावः हात धुनुपरेमा नरम, सुगन्ध-रहित साबुन प्रयोग गर्नुहोस् र सकेसम्म तुरुन्तै ह्यान्ड मोइस्चराइजर वा ह्यान्ड क्रिम लगाउनुहोस्।

***दिन र रातको फरक स्किन केयर रुटिन***

छालाको हेरचाह दिन र रातको समयमा फरक-फरक हुनुपर्छः

***दिउँसोः*** हल्का मोइस्चराइजर र अनिवार्य रूपमा सनस्क्रिन ( क्नालकअचभभल), लिप बाम। यसले हाइड्रेशन दिन्छ र घाम तथा प्रदूषणबाट छालालाई बचाउँछ।

***रातिः*** बाक्लो क्रिम वा फेस आयल प्रयोग गर्नुहोस्। रातिको समय छालाको मर्मत हुने समय हो। यसले नमीलाई गहिरो रूपमा लक गर्छ।

***कहिले डाक्टरको सल्लाह लिने?***

यदि छालाको समस्या सामान्य ड्राइनेसभन्दा बढी देखिएमा तुरुन्त चिकित्सकको परामर्श लिन आवश्यक हुन्छः

- छाला लगातार चिलाएमा वा रातो धब्बा देखेमा।
- छालामा परेको चिराबाट रगत वा पीप निस्किरहेमा।
- छाला लामो समयसम्म पिलिङ्ग भइरहेमा वा जलन भएमा।

यस्ता लक्षणहरू एक्जिमा, फङ्गल इन्फेक्सन वा कहिलेकाहीँ मधुमेह वा हार्मोनल समस्याहरूको सङ्केत पनि हुन सक्छन्।

## कांग्रेसमा.........

आवाज सुन्छौं, समयानुकूल नीति फेर्छौं, सक्षम नेतृत्व ल्याउँछौं, जनताका काम गर्छौं भन्न होइन ! यज्ञपछिको अनुष्ठान के काम ? चुनावपछिको नीति र नेतृत्वको के काम ? आन्तरिक लोकतन्त्रबाट नै डराउँछ भने कांग्रेसले लोकतान्त्रिक मूल्यमान्यतालाई कसरी अगाडि बढाउँछ !

***कुशल नेतृत्वको आम अपेक्षा***

कांग्रेसमा नेतृत्वको प्रश्न सधैं संवेदनशील रहँदै आएको छ । तर, कांग्रेसले नेतृत्वमा कहिल्यै अभाव देखेको छैन । बीपी कोइरालाको दृष्टि, गणेशमान सिंहको इमानदारी, कृष्णप्रसाद भट्टराईको सरलता, गिरिजाप्रसाद कोइरालाको दृढता र सुशील कोइरालाको निष्ठा यी सबै उदाहरण कांग्रेसको नेतृत्वको गौरव हुन् । तर, आजको नेतृत्वमा त्यी गुणहरू क्रमशः दुर्लभ बन्दै गएका छन् । वर्तमानमा नेतृत्वको मापन केवल पद वा पहुँचले हुन थालेको छ । साँचो नेतृत्व त्यो हो, जसले सुन्न सक्छ । सिक्न सक्छ । साझा दृष्टि निर्माण गर्न सक्छ । आजको युवा पुस्ता, किसान, महिला र स्थानीय स्तरका कार्यकर्ताहरूले यस्तो नेतृत्व खोजिरहेका छन् । जसले उनीहरूको आवाजलाई नीतिमा रूपान्तरण गर्न सकोस् । संवाद, सहकार्य र आत्मसमीक्षा गर्न सकोस् । मुलुकमा जनविश्वास सिर्जना गर्न सकोस् ।

नेतृत्व संकटको स्वरूप आज पार्टीभित्रको नेतृत्वमा प्रश्न पद, पहुँच र स्वार्थमा सीमित भएको छ । आन्तरिक लोकतन्त्र कमजोर पार्न खोजिँदैछ । उम्मेदवार चयन, निर्णय प्रक्रिया, सरकारमा कार्यसम्पादन र संसदीय अनुशासनमा पारदर्शिता देखिँदैन । कांग्रेसको नेतृत्व अब वंश वा वफादारीमा मात्र होइन, योग्यता र जवाफदेहितामा आधारित हुनुपर्छ । यदि पार्टीले आन्तरिक लोकतन्त्र बलियो बनायो भने नेतृत्वको पुनर्जागरण सम्भव छ । नत्र, पार्टी क्रमशः संरचनागत र मानसिक थकानको चपेटामा पर्न सक्छ । नयाँ पुस्तामा पनि अवसर र चुनौती दुवै छन् । नेतृत्व हस्तान्तरण केवल उमेरको प्रश्न होइन, सोचको प्रश्न हो । समयको माग हो । नयाँ पुस्ताले आधुनिक प्रविधि, विश्व दृष्टिकोण र नीति-निर्माण क्षमतामा दक्षता देखाइरहेको छ । तर, पुरानो पुस्ताले नयाँ सोचलाई विश्वास पनि नगर्ने, अवसर पनि नदिने कारण असन्तुष्टि बढ्दो छ । यदि कांग्रेसले यो ऊर्जा समेट्न सकेन भने पार्टीले समयसँग प्रतिस्पर्धा गर्न सक्दैन । नेतृत्वले अब गुट होइन, दृष्टि निर्माण गर्नुपर्ने बेला आएको छ ।

कांग्रेसमा शेरबहादुर देउवाले कार्यवाहक सभापति पूर्णबहादुरलाई सुम्पिसकेका छन् । अब फेरि शक्ति संघर्षमा आउनु व्यक्तिगत प्रतिष्ठाको क्षयीकरण मात्र हो । कार्यवाहक सभापतिले चुनाव अगावै नियमित महाधिवेशन गराउनुपर्छ । नियमित महाधिवेशन गर्न सकिँदैन भने विशेष परिस्थितिमा विशेष महाधिवेशनको मागलाई अगाडि बढाएर जनताको आवाज सुन्ने माध्यम बन्नुपर्छ । अनावश्यक महत्वाकांक्षा राखे पार्टी जोगिन सक्दैन ।

आम मानिसले अबको कांग्रेस नेतृत्वमा एजेण्डा, ऊर्जा र जनविश्वास खोजेका छन् । सात भाइ हुन् कि सभापतिका प्रतिस्पर्धी शेखर हुन् कि संस्थापनका सजिला पूर्णबहादुर अब यो पुस्तामाथि जनविश्वास छैन । कांग्रेसमा साँच्चिकै पुनः जनविश्वासको लहर ल्याउने हो भने लोभीपापी मानसिकता छोडेर युवा पुस्ताले अपेक्षा गरेको गगन, विश्व, प्रदीप, गुरुराजको पुस्ताले निर्णायक हस्तक्षेप बाहेकको विकल्प छैन ।

***नियतले धमिल्याएको कांग्रेस***

राजनीतिक नियत भनेको पार्टीको आन्तरिक नैतिकता हो । राजनीति सत्ता प्राप्तिको साधन मात्र होइन, प्रणाली सुधारको माध्यम हो । संस्थागत विकासको संकल्प हो । जनसेवाको मार्ग हो । नीति र नेतृत्व बलियो भए पनि नियत कमजोर भयो भने पार्टीले जनताको विश्वास जित्न सक्दैन ।

कांग्रेसको नियत सधैं राष्ट्रियता, लोकतन्त्र र जनसेवाको निष्ठामा आधारित रहनुपर्छ । तर, पछिल्ला वर्षहरूमा कांग्रेसको नियतमाथि अनेक प्रश्न उठेका छन् । सत्ता स्वार्थ, गुटगत प्रतिस्पर्धा, व्यक्तिगत लाभ र अवसरवादले कांग्रेसको नैतिक पहिचान धमिलो बनाएको छ । पार्टीले पुनः जनविश्वास आर्जन गर्न चाहन्छ भने यो नियतमै स्पष्टता ल्याउनुपर्छ ।

सुशासन, समृद्धि, सदाचारी र समानताका आदर्श कुरा गर्ने तर व्यवहारमा लागू नगर्ने प्रवृत्ति बढ्दो छ । कांग्रेसको नियतमाथि उठेका गम्भीर प्रश्नहरूमा जवाफदेहिताको खाँचो छ । कांग्रेसले यदि आफ्नो नियतलाई जनताको विश्वास पुनर्निर्माणतर्फ मोड्न सक्यो भने त्यो केवल पार्टीको पुनर्जागरण मात्र होइन लोकतन्त्रकै पुनर्जागरण हुनेछ । लोकतन्त्र मार्फत देशको समृद्धिमा मार्गचित्रको मियो बन्न सक्छ । राजनीति पदका लागि होइन, परिवर्तनका लागि हो । कांग्रेस सत्ताको लागि मात्र होइन, सेवाको लागि हो भन्ने फेरि एकपटक जनताको मनमा त्यो भावना जगाउन सक्छ ।

बदलिंदो परिस्थिति र अवसरमा नियत सफा राख्छौं कि उस्तै परम्परागत जस्तै हुन्छौं । अब अग्रगमन कि पश्चगमन कांग्रेसजनमा निर्भर रहन्छ । अझै पनि, संकुचित सोच राखेर महाधिवेशन पनि गरिन्न, चुनाव मैले भने जस्तै हुनुपर्छ, मेरा मान्छेले मात्र टिकट र अवसर पाउनुपर्छ, जनताको आवाज सुन्नुपर्दैन, संख्यामा हामी शक्तिशाली छौं भन्ने भ्रम राखियो भने क्षति स्वाभाविक छ । बीपी, किसुनजी र गणेशमानका आदर्श भजाउने, समाजको मागलाई बेवास्ता गरेर आफैं सर्वेसर्वा हुने हो भने परिणाम के हुन्छ ? सबैलाई थाहा छ ।

***कांग्रेसमा अबको बाटो***

कांग्रेसमा अब आत्मसुधारको बाटो चाहिएको छ । नीति, नेतृत्व र नियत यी तीन शब्द केवल नारा मात्र होइनन्; कांग्रेसको भविष्यको दिशानिर्देश हो । यदि कांग्रेसले नीतिमा स्पष्टता, नेतृत्वमा नवप्रवर्तन र नियतमा शुद्धता ल्याउन सक्यो भने देशमा आशाको पुनर्जागरण हुनेछ । नीति र नेतृत्व बलियो भए पनि नियत कमजोर भयो भने सबै प्रयास अर्थहीन हुन्छ । कांग्रेसले नीति, नेतृत्व र नियत मार्फत फेरि स्पष्ट सन्देश दिनुपर्छ ।

वास्तवमा अहिले कांग्रेसको अनुहारमा हिलोले पोतिएको छ । नेतृत्वमा पारदर्शिता र जवाफदेहिता ल्याउन कांग्रेसले केही ठोस सुधार गर्न आवश्यक छ । उम्मेदवार छनोटमा आन्तरिक प्राथमिक निर्वाचन लागू गर्ने, नीतिगत छलफलमा तल्लो तहका प्रतिनिधिलाई प्रत्यक्ष सहभागी गराउने, कार्यभार र नेतृत्वको कार्यकाल तोक्ने स्पष्ट नीति लिनुपर्दछ । कांग्रेसलाई धनवाद र डनवादबाट मुक्त गरी प्रशिक्षण र विचारमुखी पार्टी बनाउन सके कांग्रेस फेरि चुनावमा जनतासमक्ष लोकप्रिय बन्न सक्छ । कांग्रेसको आत्मा पुनर्जागृत गर्न यही नै मुख्य शर्त हो । आत्मसुधार नै पुनर्जागरणको बाटो हो । पारदर्शी निर्णय प्रक्रिया, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति, आचरण र आस्थामा इमानदारी, विचारमा स्पष्ट, संगठनमा अनुशासित, नेतृत्वमा उत्तरदायी, नियतमा राजनीति संस्कृतिको खाँचो छ । यस कारण पनि राजनीति, समाज र संवैधानिक अभ्यासलाई लयमा ल्याउन कांग्रेसभित्रको रूपान्तरण अपरिहार्य छ ।

***निष्कर्ष***

कांग्रेसको इतिहास गौरवशाली छ । तर, भविष्य त्यसले मात्र निर्धारण गर्दैन । अबको कांग्रेसले आफूलाई पुनः परिभाषित गर्नुपर्छ । त्यो सम्भव छ यदि पार्टीले बीपीको त्यो दृष्टि सम्झियो भने- 'राजनीति सेवा हो, प्रतिस्पर्धा होइन । विश्वास हो, व्यापार होइन ।'नीति, नेतृत्व र नियतमा रूपान्तरण गर्न सके कांग्रेसले फेरि पनि नेपालको लोकतन्त्रलाई दिशा दिन सक्छ । अब उसले आफैंभित्रको सुधार निर्मम रूपमा आरम्भ गर्न सक्नुपर्छ । अन्ततः कांग्रेसको साँचो शक्ति न नारामा छ, न इतिहासमा । त्यो नियतमा छ, जसले जनताको विश्वास जित्न सुधारको प्रयत्न गर्नै पर्छ । जुन केन्द्रीय समितिमा छलफलबाट निस्कने निर्णयको पर्खाइमा छ ।

# मधेश प्रदेशमा संसदीय पत्रकार मञ्च गठन, नीति र विधेयक अब जनतासम्म

दैनिक समाचारदाता
जनकपुरधाम, २२ कात्तिक । मधेश प्रदेशको नीति निर्माण, कानुन निर्माण र जनजीवनका सवालमा तथ्यपूर्ण र जिम्मेवार रिपोर्टिङ गर्ने उद्देश्यले 'संसदीय पत्रकार मञ्च' गठन गरिएको छ । मञ्चका संयोजक निरंजन साहको नेतृत्वमा गठन भएको टोलीले शनिवार मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डललाई मञ्च गठनबारे औपचारिक जानकारी गराएको छ । टोलीले सभामुखलाई जानकारीपत्र बुझाउँदै प्रदेशसभासँग नजिक रहेर पारदर्शी सूचना प्रवाहमा सहकार्य गर्न तयार रहेको प्रतिबद्धता जनाएको छ । मञ्चका पदाधिकारीहरूले सभामुख मण्डललाई बुझाएको जानकारीपत्रमा भनिएको छ( "प्रदेशसभामा प्रतिनिधित्व गर्ने सदस्यहरूले आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विषयमा निरन्तर बहस गर्दै आएका छन् । ती बहस, विचार र धारणा प्रदेशका नागरिकहरूसम्म पुग्नु लोकतान्त्रिक अभ्यासको अनिवार्य हिस्सा हो ।"

मञ्च गठनको उद्देश्य प्रदेशसभा र जनताबीचको सूचना प्रवाहलाई सहज, व्यवस्थित र पारदर्शी बनाउने रहेको छ। प्रदेशसभामा चल्ने छलफल, विधेयक, नीति तथा प्रस्तावहरू, जनसरोकारका विषयहरू र प्रदेश सरकारको जवाफदेहीताबारे तथ्यपरक समाचार प्रस्तुत गर्ने साझा संयन्त्रको रूपमा यस मञ्चलाई विकसित गरिने जनाइएको छ। यस मञ्चमा मधेश प्रदेशका विभिन्न सञ्चार माध्यम(प्रिन्ट, अनलाइन, रेडियो र टेलिभिजनमा



सक्रिय पत्रकारहरूको सहभागिता रहेको छ ।

मञ्चले प्रदेशसभाको समाचारलाई व्यवस्थित, सन्तुलित र जनमुखी ढङ्गले प्रस्तुत गर्ने दीर्घकालीन कार्ययोजना अघि सारेको छ । यसै क्रममा मञ्चले पाँच बुँदे कार्ययोजना सार्वजनिक गरेको छ । पहिलो, प्रदेशसभाको हरेक अधिवेशन, बैठक र समितिहरूमा पत्रकारको प्रत्यक्ष उपस्थितिलाई सुनिश्चित गरी प्रत्यक्ष समाचार संकलनको व्यवस्था मिलाइनेछ । दोस्रो, सभामा उठाइएका जनसरोकारका विषय, प्रस्ताव र विधेयकबारे नियमित प्रेस विज्ञप्ति, समाचार र विश्लेषण प्रकाशित गरिनेछ। तेस्रो, पत्रकार र सभासदबीच सूचना प्रवाह र समन्वयका लागि विशेष सूचना सहायता कक्ष स्थापना गरिनेछ। चौथो, प्रदेशसभा सचिवालयसँग औपचारिक सहकार्य सम्झौता गरेर पत्रकारहरूको कार्यलाई सहज, सुरक्षित र व्यवस्थित बनाइनेछ। पाँचौं, संसदीय अभ्यास र लोकतान्त्रिक सञ्चार सम्बन्धी तालिम, गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरू नियमित रूपमा आयोजना गरिनेछन्।

सभामुख रामचन्द्र मण्डलले पत्रकार टोलीलाई स्वागत गर्दै प्रदेशसभाको कार्य र नीति जनतासम्म पारदर्शी रूपमा पुऱ्याउन सञ्चार माध्यमको भूमिका अपरिहार्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "लोकतन्त्रमा संसद र पत्रकारिताको सम्बन्ध अत्यन्त घनिष्ठ हुन्छ । पत्रकारहरूले सभामा हुने बहस, नीति र निर्णय जनतासम्म जिम्मेवार रूपमा पुऱ्याउँदा शासन प्रणालीमा पारदर्शिता र जवाफदेहीता बढ्छ।" सभामुखले मञ्चको स्थापना प्रदेशसभा र नागरिकबीचको सूचना सेतुका रूपमा प्रभावकारी हुने विश्वास पनि व्यक्त गर्नुभयो।

मञ्चका संयोजक निरञ्जन साहका अनुसार, यस संस्थाको मुख्य उद्देश्य प्रदेशसभामा भइरहेका नीतिगत बहस, निर्णय र विधेयक निर्माण प्रक्रियालाई जनस्तरसम्म जानकारीमुखी ढङ्गले पुऱ्याउने हो । उनले भने, "संसद जनताको प्रतिनिधि संस्था हो र पत्रकारिता जनताको आँखाको रूपमा काम गर्छ। दुबैबीचको सहकार्यले लोकतन्त्रलाई अझ सशक्त बनाउन सक्छ ।"

पत्रकारहरूको भेलाले मञ्च गठनसँगै पारित गरेका निर्णयहरूको प्रतिलिपि सभामुखलाई बुझाइएको छ। भेलाले मञ्चलाई दिगो, निष्पक्ष र जिम्मेवार संस्थाको रूपमा विकसित गर्ने र प्रदेशसभा सचिवालयसँग आवश्यक औपचारिक सहकार्यका लागि अनुरोध गर्ने निर्णय पनि गरेको छ।

मधेश प्रदेशमा यसअघि कुनै औपचारिक संसदीय पत्रकार मञ्च नहुँदा सभाको समाचार कवरेज व्यक्तिगत प्रयासमा मात्र सीमित रहँदै आएको थियो। नयाँ मञ्च गठनसँगै अब प्रदेशसभाको नीति बहस, निर्णय प्रक्रिया र जनसरोकारका मुद्दाहरू एकीकृत र प्रभावकारी पत्रकारितामार्फत व्यापक रूपमा प्रस्तुत हुने अपेक्षा गरिएको छ। यस मञ्चको गठनले मधेश प्रदेशमा संसदीय पत्रकारिताको नयाँ अभ्यास र पारदर्शी सूचनाको संस्कृति विकास गर्ने महत्त्वपूर्ण कदमका रूपमा मूल्यांकन गरिएको छ ।

# भारतमा दुर्गा प्रसाईं उच्च निगरानीमा, भेट गर्न भारतीय अधिकारीको अस्वीकार

दैनिक समाचारदाता
काठमाडौँ २२ कात्तिक । राजसंस्था पुनःस्थापनाको उद्देश्यसहित राजनीतिमा सक्रिय मेडिकल व्यवसायी डॉ. दुर्गा प्रसाईं भारत भ्रमणका क्रममा त्यहाँका सुरक्षा निकायको उच्च निगरानीमा परेका छन्। भारतको नाम लिएर पटक-पटक आन्दोलनमा संलग्न रहेका प्रसाईंलाई भारत भ्रमणका क्रममा कुनै पनि उच्च अधिकारीले भेट नदिएको र सुरक्षा निकायहरूले उनीमाथि निगरानी बढाएको स्रोतले जनाएको छ।

नेपालमा दलहरूको विरोधमा कडा अभिव्यक्ति दिएर चर्चामा आएका प्रसाईं आफैंलाई भारत-निकट व्यक्तित्वका रूपमा प्रस्तुत गर्दै आएका छन्। यसअघि उनले राजसंस्थाको समर्थनमा आयोजना गरिएको कार्यक्रममा भारतका उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको तस्बिर समेत प्रदर्शन गरेका थिए।

गत चैत महिनामा राजसंस्था पुनःस्थापनाका लागि गरिएको आन्दोलन हिंसात्मक बन्दै गएपछि प्रसाईं भारत भागेका थिए। त्यहाँ केही समय लुकेर बसेका उनलाई भारतीय सुरक्षाकर्मीको सहयोगमा पुनः नेपाल फर्काइएको थियो।

प्रसाईंले बारम्बार भारतको सहयोगमा नेपालमा हिन्दु राष्ट्र र राजसंस्था फर्काउने अभियान चलाइरहेको दाबी गर्दै आएका छन्। यही सन्दर्भमा उनी गत सोमबार उपचारका बहानामा भारत पुगेका थिए। मंसिर ७ गतेदेखि सुरु गर्न लागिएको नयाँ आन्दोलनमा भारतको समर्थन देखाउन उनी भारत पुगेका बताइन्छ। तर, दिल्ली पुगेपछि उनले त्यहाँका नेताहरू, मन्त्रीहरू र बुद्धिजीवीहरूलाई भेट्न खोज्दा पनि भारतीय खुफिया एजेन्सी 'रअ' को निगरानीमा परेका थिए। उनी भारत प्रस्थान गर्नुअघि नै नेपालस्थित भारतीय दूतावासले परराष्ट्र मन्त्रालयमार्फत नेपाल सरकारसँग प्रसाईंको भ्रमणबारे चासो लिएको थियो। भारतले उनलाई नेपालबाटै उड्न नदिने तयारी गरे पनि 'अहिले रोक्दा थप विवाद हुन्छ' भन्दै गृहमन्त्रालयले विमानस्थलका प्रहरीलाई उड्न नरोध्न निर्देशन दिएको स्रोतको दाबी छ।

दिल्ली पुगेपछि पनि प्रसाईं विभिन्न व्यक्तिहरूसँग भेट्न खोज्दा रअले भेट्न अनुमति नदिएको र सामान्य व्यक्तिहरूले समेत उनीसँग दूरी कायम गरेको बताइएको छ। भारतीय अधिकारीहरूले प्रसाईंको गतिविधिसँग भारत सरकारको कुनै सरोकार नरहेको स्पष्ट पारेका थिए। भारतले नेपालको निर्वाचित सरकारसँगको स्थिर सम्बन्धलाई प्राथमिकता दिँदै आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिलाई दोहोर्याएको कूटनीतिक र सुरक्षा स्रोतले जनाएका छन्।

कार्तिक २१ गते नेपाल फर्किंदा दिल्ली एयरपोर्टमा प्रसाईंलाई त्यहाँका सुरक्षा अधिकारीहरूले केही बेर रोकेर सोधपुछ गरेका थिए। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भारतस्थित नेपाली दूतावासको अनुरोधमा नै एयरपोर्टमा उनीमाथि केरकार गरिएको थियो।

स्रोतले भन्यो, "नेपाली दूतावासले उनलाई नेपाल एयरलाइन्सबाट काठमाडौं फर्कन नदिन अनुरोध गरेपछि सुरक्षाकर्मीले रोकेका थिए।" पछि प्रसाईंले दिल्लीस्थित नेपाली राजदूत शंकरप्रसाद शर्मासँग प्रत्यक्ष सम्पर्क गरेपछि मात्र फर्कन अनुमति पाएको बताइएको छ। तर, उनीहरूबीच के कुरा भयो भन्ने विवरण सार्वजनिक गरिएको छैन।

यस विषयमा राजदूत शर्मा सम्पर्कमा आउन चाहेनन्।

यता, दुर्गा प्रसाईंले भने, "मलाई भारत सरकारले होइन, नेपाल सरकारले रोकेको हो। भारत भ्रमणका क्रममा नभई स्वदेश फर्कने क्रममा एयरपोर्टमा रोकेर अहिलेको अन्तरिम सरकारले आफ्नो बहादुरी देखाएको हो," भन्दै प्रतिक्रिया दिएका छन्। उनले कांग्रेस सभापति शेरबहादुर देउवा र नेतृ आरजु देउवाको पासपोर्ट रोक्का हुँदा पनि विदेश जान दिएको उदाहरण दिँदै आफूलाई मात्रै रोक्ने सरकारको निर्णयप्रति असन्तोष व्यक्त गरेका छन्।

# वर्षमान पुनको ह्वाट्सएप नम्बर ह्याक



दैनिक समाचारदाता
काठमाडौं, २२ कात्तिक । नवगठित नेपाली कम्युनिस्ट पार्टीका नेता तथा पूर्वअर्थमन्त्री वर्षमान पुन 'अनन्त' को ह्वाट्सएप नम्बर ह्याक भएको छ ।उनले सामाजिक सञ्जाल फेसबुकमार्फत् आफूले प्रयोग गर्दै आएको ह्वाट्सएप नम्बर ह्याक भएको पुष्टि गरेका छन् । नेता पुनले आफूले प्रयोग गर्दै आएको नम्बरबाट अनधिकृत सन्देश आइरहेको भन्दै सचेत रहन आग्रह पनि गरेका छन् । 'सावधान ! मेरो ह्वाट्सएप नम्बर ह्याक भएर अनधिकृत म्यासेज आइरहेकोले सचेत रहन अनुरोध गर्दछु,' उनले फेसबुकमा लेखेका छन् ।

# ब्राउनसुगरसहित दुई युवक पक्राउ

दैनिक समाचारदाता
सप्तरी, २२ कात्तिक । सप्तरी प्रहरीले प्रतिवन्धित लागुऔषध ब्राउनसुगर सहित दुईजना युवकलाई नियन्त्रणमा लिएको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिका वडा नम्बर ४ कनकपुर चौकबाट ब्राउनसुगरसहित प्रहरीले दुई युवकलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा पक्राउ पर्नेमा सुरुङ्गा ४ कनकपुर टोल घर भएका २५ वर्षीय अमिर कान्त चौधरी र सोही ठाउँका २४ वर्षीय दिपक कुमार चौधरी रहेका छन् ।

इलाका प्रहरी कार्यालय भेडियाबाट खटिएको गस्ती टोलीले शुक्रबार कदमाहाबाट भेडिया आउँदै गर्दा उहाँहरुलाई रोकि जाँच गर्दा दिपक चौधरीको हातमा रहेको कालो प्लाष्टिकभित्र तीन थान साना प्लाष्टिक पुरिया फेला पारेको थियो । ती पुरिया खोली हेर्दा ब्राउन सुगर जस्तो देखिने पदार्थ भेटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिनुभयो ।

डिजिटल तराजुमा तौल गर्दा प्लाष्टिकसहित ०.२८० मिलीग्राम र प्लाष्टिक हटाउँदा ०.७० मिलीग्राम रहेको बताउनुभयो ।

सोहीक्रममा दुवै युवकको साथबाट १-१ थान रियलमी स्क्रिनटच मोबाइल समेत बरामद गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मधेशको............

सोनलको राजीनामा पछि अब मधेश प्रदेश फेरि नयाँ सत्ता समीकरणको खोजीमा लाग्नेछ। जसपा र लोसपा दुबै सम्भावित शक्ति केन्द्रका रूपमा अघि आउने अनुमान गरिएको छ। तर विगतका अनुभवहरूले देखाउँछ कि यहाँ गठबन्धन स्थायित्वभन्दा अस्थायी समझदारी र सत्ताको भागबन्डामा आधारित हुने सम्भावना बढी छ।

मधेश प्रदेशमा बारम्बारको सत्ता परिवर्तनले प्रशासनिक स्थायित्व, नीति निर्माण र विकासका योजनामा प्रत्यक्ष प्रभाव पारेको छ। बारम्बारको सरकार पतन र अस्थिर गठबन्धनका कारण प्रदेशको शासन सञ्चालन निरन्तर दबाबमा रहँदै आएको छ। यो क्रम जारी रहे संघीयता र प्रदेश शासनप्रति जनताको विश्वास कमजोर हुँदै जाने खतरा बढेको छ।मुख्यमन्त्री सोनलको राजीनामा केवल व्यक्तिगत पराजय होइन, मधेश प्रदेशको राजनीतिक चरित्रको दर्पण पनि हो। दलहरूको आपसी अविश्वास, वैचारिक अस्पष्टता र केन्द्रप्रतिको निर्भरता हटे बिना प्रदेशमा स्थायित्व सम्भव देखिँदैन। मधेशको राजनीतिक चेतना र जनताको आकांक्षा अब स्थायित्व र स्वाभिमानपूर्ण शासन चाहन्छ। तर दलहरू पुरानो शक्ति(केन्द्रित अभ्यासमै अडिएका रहे, यो राजीनामा अर्को सरकार गठनको मात्र प्रस्तावना बन्नेछ समाधान होइन।

यस पत्रिकामा लेख र चना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४